# हिमाली सुस्केरा
साप्ताहिक

वर्ष : १७, अङ्क : २२, २०७५ चैत गते आइतवार ( 17 Mar. 2019 ), मूल्य रु. २०।-




पृथक्तावादी नेता सिके राउत सार्वजनिक तथा मुलधारको राजनीतिमा आए पछि मेधेशमा उनको नामबाट रोटी सेक्नेहरु अब राजनीतिक रुपमा किनारा लाग्ने डरमा परेका छन् ।

# धमाधम मुर्ति चोर पक्राउ पर्न थाले

सुस्केरा डेक्स

डोल्पा, चैत - डोल्पामा प्रहरीले एकपछि अर्को घट्नाका पुराततवीक मुर्ति चोरहरुलाई समात्न सफल हुदै आएको छ । बर्षौ पहिला देखि हर ाएका बहुमुल्य बुद्धका मुर्ति चोरी गने ' चोरहरु एकपछि अर्को गर्दै प्रहरीको फन्दामा पर्न थालेका छन् ।

यही क्रममा गएको जेष्ठ २७ गते शे फोक्सुण्डो गाँउपालिका ८ रिग्मो को थासुङछोलीम गुम्बाबाट मुर्ति चोरी गरेको आशंकामा पक्राउ परे का २ जनालाई प्रहरीले सोमवार बे लुकी सार्वजनिक गरेको छ । गुम्बाका मुल पूजारी लटई लामाका दाई साङ्गे लामाको घरमा परापूर्व कालदेखि पुजा गर्दै आएका पूरातात्वीक मुर्तिहरु ७ थान मुर्ति चोरेको आरोपमा पक्राउ गरिएका २ जनालाई सार्वजनिक गरि एको जिल्ला प्रहरी कार्यालय डोल्पाका प्रमुख प्रहरी नायव उपरिक्षक अवदे श विष्टले जानकारी दिए । उनका अनुसार पक्राउ पर्नेहरुले साविती बयान दिइ सकेका छन् ।

मुर्ति चोरीको आरोपमा पक्राउ पर्नेहरुमा शे फोक्सुण्डो गाउंपालिका वडा नं. ८ रिग्मो गाउंका ४० बर्षिय छुल्डीम नाम्क्याल रोक्का र त्रिपूरासुन्दरी नगरपालिका वडा नं. ७ छल गँउका वर्ष ४० कै ईन्द्रबहादुर रोकायलाई जिल्ला प्रहरी कार्यालय

....... .. .पेज नं. ८ मा

## सिंचाईकुलो निर्माण हुँदै

सुकमाया थापा

डोल्पा, चैत्र - त्रिपुरासुन्दरी नगर पालीका वाडा नं २ रुम गाउँमा १ हजार ५ सय ७५ मिटर सिचाइकुलो निर्माण कार्य सम्पन्न भएको छ । १० लाखको कोटेसन ठेक्कामा सिचाई कुलो निर्माण भएको बताइको छ । वडा नं २ रुमको सिचाई ३ हजार मिटरमा हाल १ हजार ५ सय ७५ मिटर निर्माण कार्य सम्पन्न भएको र अव निर्माण १ हजार ५ सय मिटर कुलो निर्माण हुन बाँकि रहेको ठेके दार खिमबहादुर बुढाले जानकारी दिनु भएको छ ।

गत वर्ष १ हजार मिटर कुलो निर्माण ठेक्का द्धारा भएको र ५ सय मिटर सर्बाङ्गीन विकास समाज द्धारा निर्माण भएको स्थानीय बासि

....... .. .पेज नं. ८ मा

## मुड्केचुलामा भिडियो एक्सरे

लालबहादुर बुढा

डोल्पा, चैत - मुड्केचुला गाउ ँपालीका मा गर्भवती महीलाहरुलाई भिडियो एक्सरे गने काम सुरु भएको छ ।हिमाली जिल्ला डोल्पाको ८ वटा स्थानीय निकायहरुमध्यको मुड्केचुला गाउँपालीका मा हिजो मंगलबार २८ गते देखी गर्भवती महीलाहरुलाई भिडियो एक्सरे गने काम सुरु गरीएको मुड्केचुला गाउँपालीकाले बताएको छ ।

मुड्केचुला गाउँपालीका अन्तर गतका साविकका सर्मी,नर्कु,कालीका गाविसहरुमा सो एक्सरे सुरु गर ीएको छ । राजिगम्दा स्वास्थ्य चौकि कि अनमि लक्ष्मी शाहीका अनुसरा हिजो जम्मा नर्कुका ६ जना गर्भवती महिलाहरुलाइ एक्सरे गरेको बताउनु भएको छ ।

उक्त भिडियो एक्सरे गर्भ रहेको अवस्थामा महिलाहरुमा विभीन्न खालका रोगहरु देखा पर्ने भएकाले यस्को विशेष न्युनिकरण गरी गर्भवती आमा र बच्चा को सुरक्षाको लागि यो

....... .. .पेज नं. ८ मा

## केन्द्र विवादले दुनै बजार बन्द

सुस्केरा समाचारदाता

डोल्पा, चैत - स्थानीय निर्वाचन भएर नगरको पहिलो नगरसभाले निर्णय नै नगरेको छलफलको विषय नै नबनेको नगरको अस्थायी केन्द्र तो किएको दुनैबाट जुफाल सार्ने कुरा जालसाजी गरेको भन्दै आन्दोलित दुनै पक्षले शुक्रवार दुनै बजार बन्द गरे को छ ।

ठुलीभेरी नगरपालिकाका प्रमुख गणेशबहादुर शाहीका विरुद्धमा कृते जालसाजि गरेर नगरको केन्द्र दुनैबाट जुफाल सारेको आरोप लगाउदै दुनै पक्षले गत एक वर्ष अघिदेखि विभिन्न चरणमा आन्दोलन गर्दै आएको छ ।

आन्दोलनको शीलशीलामा शुक्रवार डोल्पाको सदरमुकाम दुनै बजार बन्द गराएर विरोधका क्रममा हालसम्मै ठुलो विरोध जुलुस निकालेका छन् । विरोध जुलुसमा जालसाजि प्रमुख र ाजिनामा दे, भ्रष्टाचारी प्रमुखलाई कारवाही गर, नगरको केन्द्र साने

....... .. .पेज नं. ८ मा

## काइके कप फुटबल खेल संचालन

मेनुका बुढा

डोल्पा, चैत - डोल्पाको काइके गाउंपालीकाको आयोजनामा आजबाट काइके फुटबल प्रतियोगिता सुरु भएको छ । काइके गाउंपालिका वडा नं. ३ गुम्बातारामा आज देखी काइके कप फुटबल प्रतियोगिता संचालन भएको हो ।

काइके गाउंपालीकाका अध्यक्ष अंगतकुमार राणाको अध्यक्षतामा खेलको उद्घाटन गरिएको छ । प्रतियोगिताको उद्घाटन प्रमुख अतिथि जील्ला समन्वय समीतीका प्रमुख सेर बहादुर बुढाले गर्नु भएको थीयो ।

आजै उद्घाटन भएको काइके कप फुटबल प्रतियोगिताको पहिलो खेलमा काइके गाउंपालिकाका धेरै वडाका फुटबल टिमहरु उपस्तीत भएको काइके गाउंपालिकाले जनाएको छ ।

गत मंगलवारबाट संचालन भएको काइके कप फुटबल खेलका विभिन्न खेलमा ब्यसरीसी फूटबल क्लबले २ गोल गरेको छ भने वडा नं ६ ले २ गोल, आमा चोङ्ग लामु क्लबले १ गोल,

....... .. .पेज नं. ८ मा

## दुर्लभ र संकटापन्न वन्यजन्तु रेडपाण्डा संरक्षण प्रयास सुरु

सुस्केरा डेक्स

डोल्पा, चैत - विश्वभरी नै अति नै कम पाइने र संकटासन्न वन्यजन्तु रेडपाण्डाको संरक्षणका लागि डोल्पाको एउटा गाउंपालिकामा कार्यक्रम बिहिवारबाट सुरु भएको छ ।

डोल्पा जिल्ला भित्रको तल्लो भेगको मुड्केचुला गाउंपालिकामा मात्र पाइने संकटासन्न वन्यजन्तु रेडपाण्डाको संरक्षणका लागि रेडपाण्डा नेटवर्कको सहयोगमा महिला तथा दलित जाति उत्थान मञ्ज, डोल्पाले विभिन्न कार्यक्रम सुभारम्भ गरेको छ ।

विश्वका ५ वटा देशमा मात्र पाइने लजालु प्रवृतिको वन्यजन्तु रेडपाण्डा डोल्पाको मुड्केचुला गाउंपालिकाका सर्मी, नर्कु, कालिका गाउं भित्रका सामुदायिक वन भित्र पाइने गर्दछ । मुड्केचुलासंग जोडिएको जगदुल्ला गाउंपालिकाको केही वन क्षेत्रमा पनि रेडपाण्डा पाइने बताइएको छ ।

आगोलागि, चोरिशिकारी, जनचेतनाको अभाव, बासस्थानको विनास, पूर्वाधार निर्माण, आहारा मानिने निगालो र मालिङ्गोको विनास, अन्य जनावर मार्न थापिएका पासोहरुमा पर्नु लगायतका विभिन्न कारणले मासिने तथा संकटपूर्ण बन्दै गएको रेडपाण्डा संरक्षणका लागि कार्यक्रम सुरु भएको हो ।

दुर्लभ जन्तु भएकाले, पर्यटन प्रवर्धन, पारिस्थितिक प्रणालीको सन्तुलन, वन तथा वातावरण संरक्षण लगायतका विभिन्न आधारमा

....... .. .पेज नं. ८ मा

जि.प्रशा.का.डो.द.नं. १/०५८/०५९
जि.हु.का.डो.द.नं. १/०५८/०५९


धमाधम मुर्ति ........

परिसरमा आयोजित एक पत्रकार सम्मेलन गरी प्रहरीले सार्वजनिक गरेको हो ।

प्रहरीका अनुसार गुम्बामा चोरी हुने डरले बर्षौ पहिला लटईका बाबु युङडुङले आफनै घरमा राखेको र बर्षमा एक पटक आफुले पुजा गर्ने गरेको लटई लामाले जानकारी दिएको बताएको छ । उनिहरुले ८ वटा मुर्ति मध्य ७ वटा मुर्ति चोरेको र एक थान सम्बन्धित ठाउंमा छोडेको अवस्थामा भेटिएको प्रहरीले जनाएको छ । साङ्गे लामाका परिवार यार्साकुम्भु टिप्न पाटन गएको अवसर पारि छुल्डीम र ईन्द्र लगायतको समूहले छलगाउंमा योजना बनाइ रिग्मो गाउंमा गएर मुर्ति राखिएको घरको साडले कप्जा लगाएका ४ वटा ढोका फोडेर चोरी गरेको पक्राउ पर्नेहरु आफैले बयानमा बताएको प्रहरी नायव उपरिक्षक बिष्टले जानकारी दिएका छन् ।

प्रहरी नायव उपरिक्षक बिष्टका अनुसार मुर्ति बेचेपछि एक जनाको भागमा एक करोड भन्दा धेरै रकम भाग पर्ने समेत अनुमान गरी मुर्ति चोरी गरेको र छिमेकी देशमा निर्यात नभएको पक्राउ पर्नेहरुले बताएकाले मुर्तिहरु नेपालमै रहेको बुझिएकाले बांकी व्यक्तिहरु सहित मुर्तिहरु बरामद हुने आशाका साथ थप अनुसन्धान भैरहेको छ ।

पक्राउ परेका दुई जनाले चोरी गरेको स्वीकार गरेकोले आवाश्यक कारवाही हुने र केही जना भने अझै फरार रहेकाले व्यापक खोजि भैरहेको प्रनाउ बिष्टले बताए । सबै संयन्त्र प्रयोग गरी आशंकित बांकी व्यक्तहरुको खोजि भै रहेको छ । मुर्ति सहित सबैलाई कानुनको कठघरामा ल्याइने प्रहरीले सबैलाई आश्वस्त पारेको छ । सबै चोरहरु पक्राउ गरी मुर्तिहरु समेत बरामद गरी आवश्यक प्रक्रिया पुर्‍याएर मुर्तिहरुको पुनस्थापना गरिने प्रनाउ बिष्टले आश्वासन दिएका छन् ।

आफू डोल्पामा आएदेखि हाल सम्म तीनवटा गुम्बाका मुर्ति चोरहरु पक्राउ गरिसकेको र निकट भविश्यमा धेरैलाई पक्राउ गरी कारवाहीको दायरमा ल्याउने प्रनाउ विष्टले दावी गरे । उनका अनुसार गएको समयमा पटक पटक गरी विभिन्न गुम्बाबाट मुर्ति चोर्ने मुर्ति चोरहरु पक्राउ गरिएको छ । यस क्रममा ३ जनालाई पुर्पक्षका लागि जेल चालन गरिएको, २ जना धरौटीमा छोडिएको र १ जनालाई कैदमा पठाइएको प्रहरीले जनाएको छ । रापा गुम्बा, गाकर र मेकिङ गुम्बाबाट मुर्ति चोर्ने काममा संलग्न भएका २ जना फरारहरुको प्रहरीले व्यापाक खोजि गरिरहेको प्रहरीले जनाएको छ ।

यसै गरी यस अघिका विभिन्न वर्षमा विभिन्न गुम्बाबाट मुर्ति चोरी भएको र ती चोरीको पनि भित्रि रुपमा खोजि तथा अनुसन्धान भैरहेको प्रहरीले जनाएको छ ।

धार्मीक सहिष्णुताको जिल्लाका रुपमा रहेको डोल्पाको समाजमा विभिन्न देविदेवताका प्राचिन मुर्तिहरु पनि हराउने गरेका छन् । यस जिल्लाबाट सबैभन्दा बढि बुद्धका मुर्तिहरु चोरिने गरेको पाइएको छ । डोल्पाका सयौं गुम्बा तथा मन्दिरहरुबाट धेरै मुर्तिहरु चोरि भैसकेका छन् । ती मुर्तिहरु फिर्ता आउनेमा स्थानीयहरु निरासामा छन् ।

सिंचाई कुलो .. .... ........

केसबबहादुर थापाले बताउनु भयो । हाल १० लाखमा निर्माण गरीएको सिचाइ पुर्णरुपले निर्माण हुनलाइ भने आर्थिक अवस्थाले न भ्याएपछि आदि काम निर्माण हुन नसकेको स्थानीयहरुले बताएका छन् । पछिल्लो समयमा वडा नं २ रुम गाउँमा निकै विकासि कामहरु निर्माण हुन थालेका छन् खानेपानी, जग्गा घेराबार, जालि निर्माण तथा तटबन्ध निर्माण लगायतका निर्माणका कामहरु भएका हुन् । खानेपानी पनि गाउँमा सुविधा सम्पन्न रहेको छ ।

जग्गा जमिनहरुमा सिचाइ गर्न सहज पार्नको लागि पटक पटक सिचाइ निर्माणमा त्याहाका स्थानीय हरुले पहल गर्दै आइरहेका छन् । विगतका केहि बर्षहरुमा कुलोमा बगेको पानी पिउने गर्दथे भने अव यो पछिल्लो समयमा सिचाइमा पनि पानीको सुविधा नभइ घरघरमै खाने पानीको सुविधा भएको बताइएको छ ।

काइके कप ... ........

वडा नं ७ ले २ गोल गरेको छ यो खेल भोली पनी संचालन हुने छ ।

फुटबल खेल प्रतियोगितामा काइके गाउँपालिकाका मात्र खेलाडी सहभागि भएका छन् । सहभागि १० टिमले अनुसाशित रुपमा खेल खेलिरहेका छन्

दुर्लभ र संकटापन्न .... ........

रेडपाण्डाको संरक्षण आवश्यक रहेको ठानिएको कार्यक्रम सुरु गर्न डोल्पा पुगेका रेडपाण्डा नेटवर्कका कार्यक्रम संयोजक सरोज श्रेष्ठले बताए । उनका अनुसार नेपालमा ५ सय जति रेडपाण्डा रहेको अनुमान छ ।

नेपालका विभिन्न जिल्लामा पाइने रेडपाण्डा संरक्षणका लागि नेपालको सरकारी तथा गैरसरकारी स्तरबाट प्रयास भैरहेको छ । संरक्षणका लागि सरकारले यसको ओसारपसार तथा चोरिशिकारी गर्नेलाई १० देखि १५ वर्ष कैद, ५ लाख देखि १० लाखसम्म जरिवाना वा दुबै सजाय हुने व्यवस्था गरेर कडाई गरिरहेको छ ।

कार्यक्रममा मिडिया क्याम्पेयन, बहस तथा पैरवी, पर्या पर्यटन, क्षमता अभिवृद्धि, विद्यालय स्तरिय कार्यक्रम, होमस्टे, रेडपाण्डा गणना, सचेतना अभियान लगायतका विभिन्न क्रियाकलाप संचालन गरिने छ । हाल डोल्पा जिल्लाको एउटा गाउंपालिका मुड्केचुला गाउंपालिकामा मात्र लागु गरिने छ । त्यस पछि आवश्यकताका आधारमा कार्यक्रम विस्तार गरिने महिला तथा दलित जाति उत्थान मञ्च डोल्पाका अध्यक्ष चन्द्रबहादुर शाहीले जानकारी दिए ।

एउटा गाउपालिकामा मात्र भए पनि डोल्पा जिल्लामा रेडपाण्डा संरक्षण कार्यक्रम सुरु गर्दै आयोजक संस्थाले परिचयात्मक कार्यशाला कार्यक्रम सम्पन्न गरेको छ । कार्यशालामा मुड्केचुला गाउंपालिकाका अध्यक्ष दत्तबहादुर शाही, उपाध्यक्ष सविता कुमारी रोकाया, वडा अध्यक्षहरु, जिल्लास्थित क्रियाशील पत्रकारहरु, सम्बन्धित सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थितिमा उक्त रेडपाण्डा कार्यक्रम सुरुवात गरिएको थियो । कार्यक्रमको संचालन सुकविर रोकायाले गरेका थिए। सबैको सक्रिय सहभागिता थियो।

मुड्केचुलामा . ... ........

भिडयो एक्सरे सञ्चालन गरीएको रजिकुम्दा स्वास्थ्य चौकिले बताएको छ । सो एक्सरेका सामग्रिहरु र आर्थीक सबै सो स्वास्थ्य चौकिले बताएको छ ।

केन्द्र विवाद .... ........

जालसाजि निर्णय खारेज गर, नगरमा भएको भ्रष्टाचारको छानवीन गरी कारवाही गर लगायतका विभिन्न नाराहरु लगाएका थिए । अघिल्लो तथा २०७४ असार ३१ गते बसेको ठुलीभेरी नगरपालिकाको पहिलो नगरसभामा छलफलै नगरिएको नगरपालिकाको अस्थायी केन्द्र दुनैबाट सारेर जुफालमा स्थायी केन्द्र तोक्न सिफारिस गरिएको नक्कली तथा किर्ते निर्णय गरिएको दुनै पक्षको दावी छ । नगरसभाका ५१ सदस्य मध्ये जुफाल पक्षमा बहुमत २७ जना भए पनि नगर कार्यपालिकाका २१ सदस्य मध्ये दुनै पक्षमा १३ जना तथा बहुमत छ । नगर कार्यपालिकामा जुफाल पक्ष अल्पमत रहेको छ । त्यस कारण गत फागुनदेखि नगरपालिकाका प्रमुख गणेशबहादुर शाही नगर कार्यपालिकामा अल्पमत छन् ।

त्यसैले पनि गत एक वर्ष अघिदेखि नगरकार्यपालिकामा नगर प्रमुखले अल्पमतको बैठक बसाएर अल्पमतबाटै निर्णय गर्दै आएका छन् । नगरकार्यपालिकामा बहुमत रहेको दुनै पक्षले गत एक वर्षदेखि नगर कार्यपालिका बैठक र नगरसभा बहिष्कार गर्दै आएको छ । नगरपालिकाको केन्द्र जालसाजी गरेर सारेको आरोप मात्रै होइन नगर प्रमुख शाहीले नगर पालिकाको बजेट जथाभावी खर्च गरेको, विभिन्न योजनामा अनियमितता तथा भ्रष्टाचार गरेको भन्दै परेको मुद्दामा संघिय मालिला तथा सामान्य प्रशासन मन्त्रालयले कारवाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई लेखेको पत्र समेत सार्वजनिक गरिएको थियो । संघर्ष समितिका संयोजक हिक्मत शाहीको नेतृत्वमा दुनै बजार बन्द गर्दै विभिन्न नारा सहित विरोध जुलुस गरिएको थियो ।


- सूचनाको हक प्रयोग गरी सम्बन्धित र सार्वजनिक सरोकारका सूचना मागौं ।
- सूचनाको हक नागरिकको मौलिक अधिकार हो ।
- प्रत्येक नेपालीलाई सार्वजनिक निकायको सूचना माग्ने र पाउने अधिकार छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
कार्यकारी सम्पादक : ............
व्यवस्थापक : लेखबहादुर बुढा
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : धनबहादुर बुढा
लालिमान बुढा
सुरेन्द्र ढकाल
नन्दसिंह बुढा
प्रमुख संवाददाता : रुपलाल वोहोरा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com

# सम्पादकीय

## नगरको केन्द्र विवाद उस्तै

डोल्पाको सदरमुकामको स्थानीय तह ठुलीभेरी नगरपालिकाका प्रमुख गणेशबहादुर शाहीले विना निर्णय तथा बैठकमा छलफल नै नगरी कसैलाई जानकारी नै नदिई नगरसभाको माइन्यूटमा पछि निर्णय थपेर जालसाजी गरी नगरको केन्द्र दुनैबाट जुफाल सार्न धैरै समय पछि तथा नगरसभाले निर्णय गरेको भनिएको नगर सभा बसेको २०७४ असार ३१ गतेको ठिक ७ महिना पछि त्यही वर्षको माघमा नेपाल सरकारसमक्ष सिफारिस गरेको र त्यही सिफारिसमा टेकेर तत्कालिन नेपाल सरकारमा रहेको नेपाली काँग्रेसका प्रधानमन्त्री शेरबहादर दे उवाको नेतृत्वको मन्त्रीपरिषदको सोही माघकै २४ गते बसेको बैठकले निर्णय गरी दुनैको केन्द्र जुफाल सारेको र त्यही निर्णयलाई २०७४ फागुन १४ गते राजपत्रमा प्रकाशन भएको थियो ।

दुनैको केन्द्र जुफाल सारिएको राजपत्रमा प्रकाशन भए पछि मात्र दुनै पक्षका ७ जना वडा अध्यक्षहरु, ती वडाका वडा सदस्यहरु र सर्वसाधारणहरुले जानकारी पाउने वित्तिकै सोही १६ गतेदेखि नै सडक आन्दोलन गर्दै आएका छन् । दुनै पक्षका वडा अध्यक्षहरु तथा सबै जनप्रतिनिधिहरुले नगरको केन्द्र र नामका विषयमा प्रस्ताव नै नआएका कारण त्यस विषयमा छलफल हुने कुरै नभएको पछि कात्तिक मंसिर तिर जालसाजी कुरा बुनेर माइन्यूटमा थपेर नक्कली कागजात बनाई किर्ते गरेर नगरको केन्द्र दुनैबाट जुफाल सार्ने प्रपञ्च रचेको भन्ने आरो प नगर प्रमुख गणेशबहादुर शाहीमाथि दुनै पक्षले लगाउदै आन्दोलन र सर्वोच्चमा मुद्दा दायर गरी कारवाही हुनु पर्ने माग गरिरहेका छन् ।

केन्द्र विवादले नगरपालिका भित्र दुनै तर्फका वडाहरुमा विकास ठप्प भएको छ । वडा नं. १, २, ३, ४, ६, १० र ११ का वडा अध्यक्षहरुले विकास केही पनि लिएका छैनन् । यसका साथै नगर प्रमुख शाहीले बोलाएका सबै बैठक वहिष्कार गर्दै आएका छन् । नगर को विवाद समाधान हुने कुनै संकेतसम्म देखिदैन । जुफाल र दुनै पक्ष आआफ्नै अडानमा रहेका छन् । निर्णय नै नभएको नगरको के न्द्र सार्ने जस्तो गम्भिर विषयमा समेत कृर्ते तथा जालसाजी गर्ने नगर प्रमुख र तत्कालिन प्रमुख प्रशासकीय अधिकृत गोविन्द सुनारले ठुलो अख्तियार दुरुपयोग गरेको आरोप, ठुलै रुपमा आर्थिक चलखेल गरे काले जालसाजी निर्णय खारेज गरे मात्र मेलमिलाप हुने तथा यो विवाद समाधान हुने दुनै पक्षले बताएका छन् । नत्र भने वारका पार हुने कुनै पनि हालतमा गलत निर्णयलाई लागु हुन नदिने बताउदै आएका छन् भने । उता नगर प्रमुख शाही तथा जुफाल पक्षले वार्ताका कुरा गरेर नगर प्रमुखको कार्यालय सहित केही कार्यालय जुफाल र केही कार्यालय दुनै राख्ने गरी मिलापत्र गर्न आफू सहमत भएको बताउदै वार्ताका कुरा गरिरहेका छन् ।

यस प्रकार नगरको केन्द्र विवादले निकै समस्या पारेको छ । सवो र्च्च अदालतमा परेको मुद्दा पनि पेशी सर्दै आएको छ । एक वर्ष दे खि लगातार रुपमा पेशी सार्नु तथा न्याय दिन ढिला गर्नु न्याय नदिनु तथा अन्याय गर्नु भएको दुनै पक्षका नेता र जनताहरुले बताउने गरे का छन् । न्याय छिटो हुनु पर्ने बताउने गरेका छन् ।

## आखिर जिन्दगी

अच्युतशाली घिमिरे
रातोपाटी

मानिस
जीवनमा अनेकौं
मिथ्याहरुसँग संयोग राख्दछ
क्षणिक सुखहरु आर्जन गर्दछ,
जन्म-जन्मान्तरसम्म
एउटा मृगतृष्णामा
पछि लागिरहन्छ
भूलभुलैयामा
चक्कर मारिरहन्छ,
तर
आखिर जिन्दगी
के नै छ र ?
जीवनका
अनन्तः स्पन्दनहरुलाई
अनुभव गर्न नपाउँदै
मृत्यु आउँछ र
टपक्क टिपेर
लान्छ,
हामी प्रश्न उत्तर
गर्न सक्दैनौं
केही गरुँला र भरुँला
भन्ने उमेरमा नै
निस्सारताको
भूमरी फिजाइदिन्छ
धर्तीका अनेक क्रियाहरुलाई
स्वर्गबाट चिहाउन
बाध्य पारिदिन्छ
साच्चै नै
मृत्यु आफैमा
विरोधाभास छ
राम्रालाई चाँडै लान्छ
नराम्रालाई कुरी बस्छ
नवीन प्राप्तिका
लालसाहरुमा
पूर्णविराम लगाईदिन्छ ।
यस्तै
अन्यायको
नियति भोग्यो देशले
२०७५ फागुन १५ गते
मन्त्रीसहित प्रतिष्ठित
मान्छेहरुलाई गुमायो यो देशले
ताप्लेजुङमा एयर डायनेस्टी हेलिकप्टर
दुर्घटनामा
आँसुहरु बगिरहे
हृदयहरु पग्लिरहे
अमृतहरु विष भए
सपनाहरु झरी गए,
जिन्दगी मूल्यवान थियो
तर आखिर नैराश्य मिल्यो
जिन्दगी
अँध्यारो कोठरीको परीक्षा भयो
तीव्र आशक्तिमा
जीवन जन्म्यो
तर मृत्युले असामयिक
वेदना थमायो,
साँच्चै नै
मृत्युको आकारमा
अन्धोपन छ
मृत्युको नियम
आफैमा अस्पष्ट छ

खेलकुद

# साफ वुमेन्समा नेपालको जीत

सुस्केरा समाचारदाता

विराटनगर, चैत – नेपाल सहिद मैदानमा भइरहेको पाँचौं साफ वुमेन्स च्याम्पियनसिपमा शनिबार बंगलादेशलाई ३–० ले हराएर समूह 'ए' विजेता बनेको छ । नेपाल र बंगलादेश समूहको अन्तिम खेलअघि नै सेमिफाइनलमा प्रवेश गरिसकेका थिए ।

सुरुका तीन संस्करणको उपविजेता नेपालले सेमिफाइनलमा समूह बी को उपविजेताविरुद्ध खेल्नेछ भने चौथो साफको फाइनल खेलेको बंगलादेशले समूह बी विजेताविरुद्ध प्रतिस्पर्धा गर्नेछ ।

समूह बी बाट डिफेन्डिङ च्याम्पियन भारत र श्रीलंकाले पनि एक खेल बाँकी छँदै अन्तिम चारको यात्रा तय गरिसकेका छन् । यी दुईबीच आइतबार हुने खेलले समूह विजेताको टुंगो लगाउनेछ ।

बंगलादेशविरुद्ध मनमाया लिम्बुले प्रहार गरेको बल क्लियर गर्ने प्रयासमा मसुरा परविभनले छैटौं मिनेटमै आफ्नै पोष्टमा गोल गरेपछि नेपालले अग्रता लिएको थियो । फरवार्ड सावित्रा भण्डारीले २३ औं मिनेटमा गोल गर्दै नेपालको अग्रता दोब्बर बनाइन् । मन्जली कुमारी योन्जनले २८ औं मिनेटमा तेस्रो गोल गरिन् ।

डिफेन्डर पूजा रानाले मनमायाको लिम्बुको स्थान लिदै दोस्रो हाफको अन्त्यतिर मैदानमा प्रवेश गर्दै अन्तर्राष्ट्रय फुटबलमा डेब्यू गरिन् ।

इकान्तिपुरबाट ।

# सार्वजनिक-निजी साझेदारी

रासस

काठमाडौं, फागुन - प्रतिनिधिसभाको हालैको बैठकले 'सार्वजनिक-निजी साझेदारी तथा लगानी विधेयक, २०७५ माथि विचार गरियोस्' भन्ने प्रस्तावलाई बहुमतले स्वीकृत गरेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीका तर्फबाट अर्थमन्त्री डा युवराज खतिवडाले उक्त प्रस्ताव पेश गर्नुभएको थियो । त्यसअघि सांसद देवप्रसाद गुरुङ मुलुकको समृद्धिका लागि सार्वजनिक निजी साझेदारीको आवश्यकता रहेका उल्लेख गर्दै मुलुक निर्माणका लागि निजी क्षेत्रको सहभागितामूलक र सहयोगात्मक भूमिका हुनुपर्ने बताउनुभयो । विदेशीभन्दा स्वदेशी लगानीलाई प्राथमिकता दिइनुपर्नेमा जोड दिँदै उहाँले राष्ट्रिय स्वाधीनता र राष्ट्रिय सुरक्षालाई ध्यान दिँदै लगानी स्वीकृत गरिनुपर्ने बताउनुभयो । लगानी बोर्ड संरचना निकै भद्दा भएको जनाउँदै उहाँले बोर्डलाई छिटोछरितो बनाउन सुझाव दिनुभयो । सांसद जनार्दन शर्माले विकासको अपेक्षा र आकाङ्क्षा पूरा गर्ने गरी विधेयक ल्याइएको भए पनि विधेयकमा ठोस योजना नआएको बताउनुभयो । बोर्डको संरचना निकै भद्दा भएकाले समयमै काम हुनेमा आशङ्का व्यक्त गर्नुभयो । संविधानले समाजवादको परिकल्पना गरे पनि विधेयक त्यसतर्फ केन्द्रित नभएको बताउनुभयो । सांसद सोमप्रसाद पाण्डेयले मुलुकलाई समृद्ध बनाउन उद्योगको ठूलो भूमिका हुने उल्लेख गर्दै लगानी र उत्पादन बढाउनुपर्ने बताउनुभयो । वैदेशिक लगानीलाई आकर्षित बनाउन स्पष्ट योजना बनाइनुपर्नेमा उहाँले जोड दिनुभयो । उहाँले लगानी बोर्डलाई अनुगमन गर्न विशेषज्ञ र प्राविधिक समितिको गठन गरिनुपर्ने पनि बताउनुभयो । सांसद खगराज अधिकारीले मुलुक समृद्धिको यात्रामा बढेको सन्दर्भमा पूँजीको दायरा बढाउँदै जानुपर्नेमा जोड दिनुभयो । लगानीको संरक्षणका विषय विधेयकले सम्बोधन गरेको उल्लेख गर्दै नेपालको आत्मनिर्भर हुने क्षेत्रलाई सुरक्षित र प्रवर्द्धन गर्ने विधिलाई विधेयकमा स्पष्ट पार्नुपर्ने बताउनुभयो । औद्योगिक परियोजना सञ्चालन गर्न जग्गा प्राप्तिको समस्या हल गर्न विधेयकमा प्रस्ट व्यवस्था नभएको उहाँले उल्लेख गर्नुभयो ।

सांसद नवराज सिलवालले ठूलठूला परियोजनामा निर्माण गर्न निजी क्षेत्रलाई प्रवर्द्धन गर्नका लागि आएको विधेयकले मुलुकका परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

सांसद प्रेम सुवालले ठूला परियोजना सञ्चालन गर्दा सार्वभौम संसद्लाई जानकारी नगराई लगानी बोर्डबाट निर्माण गर्ने प्रावधान सही नभएको बताउनुभयो । उहाँले सार्वजनिक निजी साझेदारीका नाममा राष्ट्रिय उद्योगधन्दा धरासयी बनाइएको आरोप लगाउनुभयो । सांसद भरतकुमार शाहले प्रधानमन्त्रीको अध्यक्षतामा बन्ने बोर्डले जनप्रतिनिधिमूलक संस्था संसद् र प्रतिपक्षलाई समेट्न नसकेको बताउनुभयो । उहाँले देशमा आर्थिक वृद्धि, विदेशी लगानी आओस् भन्ने भावना विधेयकले बोक्नुपर्ने भए पनि त्यस्तो नदेखिएको आरोप लगाउनुभयो । सांसद दिव्यमणि राजभण्डारी प्रधानमन्त्रीको अध्यक्षतामा रहने लगानी बोर्डमा प्रतिपक्षी दलको सदस्य राख्नुपर्ने बताउनुभयो ।

बाल संशार



सरस्वति माध्यमिक विद्यालयका छात्र चित्र वि.क.ले बनाएको चित्र ।

# घुस लिएको अभियोगमा पक्राउ

सुस्केरा समाचारदाता

काठमाडौँ, चैत - नियमानुसार गर्नुपर्ने काममा समेत आलटाल गरी सेवाग्राहीसँग घुस लिएको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुका नायब सुब्बा सरोज रोकालाई आज पक्राउ गरेको छ ।

आयोगका प्रवक्ता प्रदीपकुमार कोइरालाका अनुसार मेडिकल सेन्टर सेवा विस्तार गर्ने प्रयोजनका लागि निमायनुसार गर्नुपर्ने काममा बाहना बनाइ रु २२ हजार घुस माग्दै गरेको अवस्थामा नायब सुब्बा रोकालाई पक्राउ गरिएको हो । सेवाग्राहीको उजुरीका आधारमा नायब सुब्बा रोकालाई पक्राउ गरिएको र आरोपीमाथि थप अनुसन्धान भइरहेको आयोगले जनाएको छ । यस्तै, आयोगले सरकारी राजश्व छल्न जग्गाको कम मूल्याङ्कन गरी भ्रष्टाचार गरेको अभियोगमा जिल्ला मालपोत कार्यालयका नायब सुब्बासहित सातविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । मोरङको साविक सिजुवा-८ को जग्गा २०७४ माघ ३ गते बिक्री भएकोमा कम मूल्याङ्कन गरी राजश्व छली गरेको आयोगको ठहर छ । रु २९ लाख ९० हजारको मूल्याङ्कन मात्रै गरिएको र पूँजीगत लाभकरमा घोटाला गरेको पाइएको छ । उक्त जग्गाको मूल्याङ्कन रु ३३ लाख ३७ हजार ५०० हुनुपर्नेमा कम गरिएको पाइएको हो । आफ्नो क्षेत्राधिकार बाहिर गई बाटो भएको जग्गालाई बाटो नभएको भनी सिफारिस गर्ने, सम्बन्ध नै नभएको वडाको घर बाटो सिफारिस गरिएको आयोगको ठहर छ । आयोगले मालपोत कार्यालय मोरङका नायब सुब्बा प्रदीप घिमिरेलाई रु एक लाख ७८ हजार ५२५, बहिदार नन्दलाल राजवंशी रु तीन लाख १९ हजार ९२५, वडाध्यक्ष दानलाल राजवंशी रु एक लाख ७८ हजार ५२५, जग्गा बिक्रीकर्ता दुर्गाप्रसाद निरौला रु दुई लाख ४६ हजार ८७५ र जग्गा खरीदकर्ता हस्तराज ओखराज

# सामान्य ज्ञान २२

यस सामान्य ज्ञानले मानसिक कसरत गराएर सबैलाई स्वस्थ बनउनुका साथै नयाँ जानकारी दिनेछ भन्ने आशा राख्दै सबैलाई अध्ययनका लागि अनुरोध गर्दछौं । यस सामान्य ज्ञानका लागि प्रश्न र उत्तर पठायन सक्नुहुनेछ । यहाँको प्रश्न उत्तरलाई उचित स्थान दिइने छ ।

१. चलचित्र क्याराभान कुन भाषामा निर्माण गरिएको छ ?
२. चलचित्र क्याराभानका प्रमुख पात्रको नाम के हो ?
३. चलचित्र क्याराभानको निर्देशन तथा निर्माण कसले गरेका थिए ?
४. श्रीकृष्ण श्रेष्ठको अन्तिम चलचित्र कुन् हो ?
५. भजनशिरोमणि भक्तराज आचार्यको जीवनीमा आधारित चलचित्रको नाम के हो ?
६. सर्वप्रथम नेपालमा बनेको चलचित्र घर कुन हो ?
७. भीसीडीमा आएको पहिलो नेपाली चलचित्र कुन हो ?
८. विश्वमा सबैभन्दा पहिले बनेको बोल्ने फिल्म कुन हो ?
९. सिनेमाको आविष्कार गर्ने श्रेय कसलाई छ ?
१०.नेपाली भाषामा निर्मित पहिलो टेलिचलचित्र कुन हो ?

*उत्तर :*

१. डोल्पो भाषा, २ थिन्ले, ३. फ्रेन्च निर्देशक एरिक भेली, ४. कोहिनुर,
५. आचार्य, ६. मदन जनसेवा सिनेमा हल, ७. लोभीपापी
८. जर्ज सिंगार, ९. थोमस एल्वा एडिसन, १०. यस्तै हुन्छ

# विवेकी डाक्टरको अविवेकी चाला

- डा. अरूणा उप्रेती(इकान्तिपुरबाट)

काठमाडौं – केही दिनअघि मैले एउटा हिन्दी फिल्म हेरेकी थिएँ। त्यसमा निजी अस्पतालको कहलिएको डाक्टरले बढी शुल्क असुल्न बिरामी(लाई बढी समय अस्पतालमा राख्दा र बेवास्ता गर्दा कसरी एक बालकको मृत्यु हुनपुग्यो भन्ने देखाइएको छ। बालककी आमा त्यो डाक्टर विरुद्ध कानुनी लडाइँ लडछिन् र अन्ततः जित्छिन्।

आफ्नो पेसालाई व्यापारको रूपमा मात्र हेर्ने डाक्टर पनि छन् है भन्ने त्यसको अन्तर्य हो। त्यो फिल्मले मलाई सोचमग्न बनायो। नेपालमा त्यसरी पैसा कमाउनकै लागि कुनै निजी अस्पतालमा बिरामीहरूलाई चाहिनेभन्दा बढी समय राख्ने गरिन्छ होला ? नचाहिने महँगो जाँच गर्न र औषधि किन्न लगाइन्छ होला ? भारतका कतिपय प्रसूति गृहमा धेरै पैसा कुम्ल्याउने उद्देश्यले नचाहिने शल्यत्रि(न्या गरेर बच्चा निकालेका जस्ता घटना नेपालमा पनि होलान् ? हाम्रामा पर्यटकहरूलाई बिग्रेको खाना दिएर बिरामी पारी हेलिकप्टरबाट उद्धार गने र अस्पतालमा उपचारै नगरी बिल बनाउने ठूला अस्पतालका नामचाहिँ यदाकदा सञ्चार माध्यममा आउने गरेका छन्।

हामीकहाँ आमा र बच्चाको स्वास्थ्य खराब हुने अवस्था नआउन्जेल निजी अस्पतालमा पनि सकेसम्म प्राकृतिक रूपमै बच्चा जन्माउन प्रेरित गरिन्छ भन्ने मलाई लाग्थ्यो। डा. लक्ष्मी तामाङले एकदिन मेरा आँखा खोलिदिइन्। मलाई चकित बनाउँदै उनले भनिन्, 'नेपालका केही निजी अस्पतालमा ८०-९० प्रतिशतसम्म बिरामीलाई शल्यक्रिया गरिन्छ। अझ नेपालका ठूला व्यक्तिहरू जाने एउटा अन्तर्राष्ट्रिय अस्पतालमा त प्राकृतिक तरिकाले सुत्केरी हुने महिलालाई भर्ना नै लिँदैन।

त्यो अस्पतालमा सुत्केरी गराउनु भनेको शल्यक्रिया गर्नु नै हो।' म सोच्थेँ– हामीकहाँ भारतमा झैं कुनै महिलाको 'मलाई बच्चा पाउँदा दुख्छ, त्यसैले बरु शल्यक्रिया गरेर बच्चा पाउँछु' वा 'लगन अनुसार बच्चा बाहिर निकाल्छु' भन्दै बहुलट्ठी मागमा डाक्टरले चक्कु उठाइहाल्दैनन्। तर डा. तामाङले 'तपाईंको विचार गलत छ' भन्दै मलाई केही निजी अस्पतालका तथ्यांक दिइन्।

यो सरासर गलत अभ्यास हो। 'म निजी अस्पतालमा पैसा तिरेर आए( पछि मेरो माग अनुसार हुनुपर्छ' भन्ने महिलालाई डाक्टर र नर्सले नचाहिने शल्यक्रिया गर्दा बालक र आमाको ज्यान जोखिममा पर्न सक्छ भनेर सम्झाउन सक्नुपर्छ। प्राकृतिक रूपले बच्चा जन्माउँदाको फाइदाबारे अर्थ्याउनुपर्छ। महिलालाई सुत्केरी गराउँदा शल्यक्रियाका लागि बाध्य पार्नु अमानवीयता हो।

यस विषयमा कुरा हुँदा नर्स र सामाजिक कार्यकर्ता दुर्गा कार्कीले मलाई आफ्नो अनुभव सुनाउँदै भनेकी थिइन्, 'एउटा गोष्ठीमा मैले हाम्रा निजी अस्पतालहरूमा धेरैजस्तो शल्यक्रिया गरेरै सुत्केरी गराउने किन होला भन्ने प्रश्न राखेकी थिएँ। एक स्त्रीरोग विशेषज्ञले मलाई झपार्दै भनेकी थिइन्– यो प्रश्न उठाएर तपाईंले पाप गरिरहनुभएको छ। हरेक महिलाको सुत्केरी हुँदा शल्यक्रिया गर्नैपर्छ।' उनका कुराले मलाई झन् रनभुल्लमा पार्यो। नेपालमा त्यस्ता स्त्रीरोग विशेषज्ञ कति होलान्, जसले सुत्केरी हुनु भनेकै 'शल्यक्रिया गरेर बच्चा निकाल्नु हो' भन्ने बुझेका छन्।

शल्यक्रिया गरेर बच्चा जन्माउँदा सरकारी अस्पतालमा सरकारले नै शुल्क तिरिदिन्छ भने निजी अस्पतालमा चाहिँ ६०-७० हजार रुपैयाँ गन्नुपर्छ। निजीले किन यति धेरै पैसा लिएको भनी प्रश्न गर्ने, औंला उठाउने कुनै निकाय छैन। 'कुनै अस्पतालमा ९० प्रतिशत बिरामीलाई शल्यक्रिया गरियो भने त्यो पैसाकै लागि गरिएको हो भन्ने बुझे हुन्छ,' स्त्रीरोग विशेषज्ञ डा. गीताले सुनाइन्।

डा. लक्ष्मी तामाङले उपलब्ध गराएका तथ्यांक हेर्दा निजी अस्पतालहरूले महिलालाई प्राकृतिक रूपले सुत्केरी गराउनुभन्दा शल्यत्रि(न्या गराउनतर्फै बढी जोड दिएको देखिन्छ। थापाथलीको प्रसूति गृहमा सुत्केरी भएका महिलामध्ये २७ प्रतिशतको मात्र शल्यत्रिया गरिएको छ भने निजी अस्पतालमा त्यो संख्या कसरी ८०-९० प्रतिशतसम्म पुग्ने गर्छ ? यो प्रश्न विवेकी मानिने डाक्टरहरूको दिमागमा नआएको किन होला ?

डा. तामाङले अझ दुःखद सन्दर्भ सुनाइन्, 'गर्भावस्था जँचाउन पाँचौं महिनामा एउटा निजी अस्पताल पुगेकी महिलालाई 'तपाईंको बच्चा उल्टो बसेको छ, त्यसैले शल्यक्रिया गर्नुपर्छ' भनिएछ। उनी मकहाँ सोध्न आइन्। मैले 'पाँच महिनामा सुत्केरी हुँदा शल्यक्रिया गर्नेरनगर्ने भन्ने हुँदैन' भन्दै उनलाई प्रसूति गृहमा पठाएँ। त्यहाँ बच्चा ठिक छ भनियो। उनले ९ महिनामा प्राकृतिक रूपमै बच्चा जन्माइन्।'

यसबाट प्रस्ट हुन्छ, निजी अस्पतालको चिकित्सालाई व्यापारमात्रै ठान्ने गरेको छ। सायद यही भएर भुक्तभोगीहरूले बिरामीको मृत्यु भयो, जटिलता आयो भने निजी अस्पताल तोडफोड गर्ने, त्यहाँका कर्मचारीलाई हातपात गर्ने गर्छन्। प्रायः यस्तो बेला प्रशासन मूकदर्शक बन्छ। अनि निजी अस्पतालले १०-२० लाख दिएर त्यो परिवारलाई शान्त पार्छ। आम मानिसलाई डाक्टरले विवेक पुर्‍याएर काम गर्छन् भन्नेमा विश्वास लाग्न छोडेको यसले देखाउँछ।

इकान्तिपुरबाट

# कथनी र करनी

- लीला लुइटेल

काठमाडौं – .........क्रमशः .....

यथार्थ स्पष्ट हुँदाहुँदै यथार्थलाई पाखा लगाएर लोकप्रिय नाराका पछि दौडनु कत्तिको विवेकपूर्ण हुन्छ भन्ने कुरा गम्भीरतापूर्वक लिन अब ढिलो भइसकेको छ। क्यान्सरकै रूपमा समाजमा विद्यमान यस्ता समस्या समाधान गर्न कसैको पनि एक्लो प्रयासले सम्भव हुँदैन, यसका लागि सबै पक्ष गम्भीर एवं संवेदनशील हुन जरुरी छ।

एक्काइसौं शताब्दीमा प्रचलित मानव अधिकारको अवधारणालाई चुनौती दिँदै मानवीय मूल्यकै उपहास गर्ने चेलीबेटी विरोधी यस्ता क्रिया(कलाप अझै पनि समाजमा परम्परा एवं संस्कारका नाममा जरो गाडेर बसिरहेका छन्। यस्ता क्रियाकलाप न्यून गराउँदै चेलीबेटी एवं तिनका अभिभावकलाई सिंगो मानवका रूपमा जीवनयापन गर्ने वातावरण सिर्जना गर्नेतर्फ सम्बन्धित परिवार, समाज तथा प्रशासन कसैको पनि ध्यान पुगेको देखिँदैन। यसको अर्थ उनीहरू सिंगो मानवताविरोधी यस कुप्रथाको अन्त्य गर्न चाहँदैनन् भन्ने पुष्टि हुन्छ।

एकातिर हाम्रा कतिपय राजनीतिक पार्टीले 'आफ्नो पार्टी निर्वाचनमा विजयी भए १२ कक्षा पढेका र विवाहको उमेर भएका महिलालाई आधा तोला सुनको मंगलसूत्र वा सो बराबरको रकम दिने' भनेर घोषणापत्रमै उल्लेख गरेको हास्यास्पद स्थिति छ। यदि यस्ता राजनीतिक पार्टीको अभीष्ट छोरी जोगाउने हुन्थ्यो भने आधा तोला सुनको साटो त्यति नै रकम बराबरको छात्रवृत्ति तथा शैक्षणिक सामग्री दिने भनेर घोषणापत्रमा उल्लेख गर्न सकिन्थ्यो।

त्यति नभए राजनीतिक, शैक्षिक, प्रशासनिक दृष्टिले समाजमा एउटा छवि बनाइसकेको व्यक्तिले 'मेरी छोरीको विवाह तिलक एवं दाइजोबिनै हुनेछ अनि मेरा छोराको विवाहमा म तिलक तथा दाइजो लिन्नँ' भनेर सार्वजनिक रूपमा घोषणा गर्न सक्नुपर्थ्यो। सार्वजनिक छवि बनाएका चेतनशील एवं बौद्धिक भनिने व्यक्तिले समेत अहिलेसम्म यस प्रकारको घोषणा गरेको मेरो जानकारीमा छैन। यस्तो घोषणा गर्दा कसैलाई व्यक्तिगत रूपमा असर गर्दैन। छोराको विवाहमा दाइजो तिलक नलिएपछि छोरीको विवाहमा पनि दिनु नपर्ने हुनाले यसले सामाजिक क्षेत्रमा कुनै नकारात्मक असर नपर्ने स्पष्टै छ। अझ छोरीलाई दाइजो दिन घर बनाएको भन्दै हाम्रा जनप्रतिनिधि भनिएकाहरूले राज्यको ढुकुटी दोहन गरेको लज्जास्पद प्रतिक्रिया दिएको भर्खरै मात्र हो।

प्रदेश नम्बर दुईका मुख्यमन्त्रीले 'बेटी पढाओ, बेटी बचाओ' कार्यक्रमका लागि २०७५-०७६ को बजेटमै व्यवस्था गरेको जानकारीमा आएको छ। यो नारा र कार्यत्रमको उद्देश्य समाजमा विद्यमान छोराछोरीबीचमा भएको विभेद, असमानता हटाउने, छोरीप्रति भएका अन्यायको अन्त्य गरी सभ्य समाज स्थापित गने रहेको उल्लेख छ। यस कार्यक्रमप्रति उहाँको दृष्टिकोण देखावटी नभएर अन्तरहृदयकै हो भने सर्वप्रथम उहाँले दाइजो र तिलकबिना

आफ्ना सन्तानको विवाह गरेर देखाउन सक्नुपर्छ। यदि पहिले नै विवाह भइसकेको भए लिए-दिएको तिलक एवं दाइजो फिर्ता गर्न-गराउन सक्नुपर्छ। यी कार्य उहाँले गर्न सक्नुहुन्न भने यसलाई लोकप्रिय हुने मेलोबाहेक केही मान्न सकिँदैन।

अर्कोतिर विराटनगरको मारवाडी समुदाय समाजमा जनसंख्याको असन्तुलित स्थिति देखेर चिन्तित भएको नभई सजातीय बुहारी नपाइने चिन्ताले ग्रसित देखिन्छ। केही समयअघि कोसी अञ्चल अस्पतालको प्रसूति वार्डको भित्तामा अग्रवाल महिला मञ्चले लेखेको 'छोरी नभई बुहारी कहाँबाट ल्याउने' भन्ने सन्देश यसै स्वार्थबाट प्रेरित देखिन्छ। यसका अभियन्ताहरूले अस्पतालमा यस्तो नारा लेख्दा छोरीहरूको रक्षा हुँदैन भनेर नबुझेका होइनन्, बुझ पचाएरै लोकप्रिय हुन खोजेका हुन्। किनकि अधिकांश अस्पतालमा छोरी जन्मिनै पाउँदैनन्, उनीहरू त भ्रूणको लिंग पहिचान हुनासाथ नष्ट हुन पुग्छन्

# नागरिक कर्तव्य र संविधानवाद

- प्रेमराज सिलवाल

संविधान वास्तवमा नागरिकका अधिकार र कर्तव्यलाई निर्देशित गर्ने दस्तावेज मात्र हो । दार्शनिक बेन्थमले कानुन र विधिशास्त्रलाई 'ग्रेटेष्ट ह्याप्पीनेस अफ द ग्रेटेस्ट नम्बर अफ पिपुल्स' भन्नुभएको थियो । यस अर्थमा पूर्ण 'ह्याप्पीनेस' संविधानले पनि दिन सक्दैन ।

नेपालको संविधान पनि तीन करोड नेपालीलाई नै मन पर्ने खालको बनाउन सकिएन, सकिँदैन पनि । संविधानको भावना जनताका हितलाई कसरी सम्बोधन गर्ने र अधिकारको वितरण गर्ने भन्ने हो । नेपालको संविधान, २०७२ यस दृष्टिकोणबाट हेर्दा त्यो मान्यतामा उत्कृष्ट र सफल देखिन्छ । 'कुकुरले भुके पनि कुटाइ खान्छ र नभुके पनि कुटाइ खान्छ' भनेजस्तो संविधानमा नागरिक अधिकार भएको अवस्थामा पनि जनताले अझै पर्याप्त सुविधा र सुरक्षा पाएको अनुभूति गर्नसकेका छैनन् । कुकुर पाहुना आउँदा भुक्नु हुन्न र चोर आउँदा भुक्नुपर्छ भन्ने मालिकको सोचाइ हुन्छ । त्यस्तै गणतन्त्र र गणतान्त्रिक संविधानको विरोधमा आवाज निकाल्नु प्रतिगामी सोचाइ र चिन्तन हो भन्ने सोचाइ आजका गणतान्त्रिक शासकमा पनि हुनुहुन्न । संविधान आफैँमा साध्य होइन, यो त राज्य निर्माणका लागि चाहिने आधारभूत प्रस्तावना मात्र हो । जनताको सार्वभौमिकता, स्वतन्त्रता, अखण्डता, नागरिक सर्वोच्चताको प्रत्याभूति गर्ने दस्तावेज मात्र हो । त्यसैले विधिशास्त्री केल्सनले संविधानलाई 'ग्रेन्डनम्म' भन्नुभएको थियो । एउटा स्वतन्त्र मुलुकको अलग्गै संविधान हुन्छ र सोहीअनुसार राज्य सञ्चालित हुन्छ । नेपालको संविधानले पनि संवैधानिक सर्वोच्चता, भौगोलिक अखण्डताजस्ता कुरालाई प्रस्तावनादेखि नै उल्लेख गरेको पाइन्छ । नेपाल इतिहासदेखि नै स्वतन्त्र राष्ट्र रहेको र सन् १९५५ देखि संयुक्त राष्ट्र सङ्घको स्वतन्त्र सदस्यको हैसियतमा रही आएकाले नेपालको संवैधानिक सर्वोच्चतामाथि अन्य राष्ट्रले गर्ने हस्तक्षेप भनेको नागरिक स्वयत्ततामाथिको हस्तक्षेप हुन जान्छ । मुलुकले आफ्नो आवश्यकता, औचित्य, अर्थ र जनचाहनाअनुसार संविधान बनाएको हुन्छ र त्यसलाई अन्य मुलुकले पनि स्वीकार गर्नुपर्छ । सन् १९४९ देखि जारी जनवादी गणतन्त्र चीनको संविधान तथा व्यवस्था पश्चिमी र अन्य राष्ट्रलाई मन नपरेको भए पनि चीनको प्रगतिमा त्यो संविधान र व्यवस्था सहायक बनेका छन् ।

अन्तर्राष्ट्रिय कानुनका प्राध्यापक ओपनह्यामले पनि प्रत्येक मुलुकको सार्वभौमिक समानता, भौगोलिक अखण्डता तथा सर्वोच्चता, राज्यको उत्तरदायित्वजस्ता कुरा अर्को राज्यले स्वीकार गर्नुपर्ने उल्लेख गर्नुभएको छ । समानताको अर्थ प्रत्येक राष्ट्रको समान कर्तव्य र अधिकार रहेको भन्ने हो । एक राष्ट्रमा एक भूगोल, एक जनता र एक शक्ति हुन्छ र त्यस्तो शक्ति संविधानअनुसार संसद्, सरकार र न्यायालयमा वितरण गरिएको पाइन्छ । नेपालको सङ्घीय गणतान्त्रक संविधानले समेत यो मान्यतालाई स्वीकारेको देखिन्छ । संविधानको सोही शक्तिमार्फत संविधान र कानुनअनुसार राज्यले जनतामाथि शासन गर्दै आएको हुन्छ र छ । जसरी प्रकृति एउटा पारिस्थितिक प्रणाली मार्फत सञ्चालित हुन्छ त्यस्तै संविधान, कानुन र समाज पनि सोही प्रक्रियाबाट सञ्चालित हुन्छन् । जमिनको पानी जलवाष्पका रूपमा आकाशमा पुग्छ र बादल बन्छ । बादलले पानी पार्छ र जमिन सिञ्चित गर्छ र फेरि जलवाष्प भएर आकाशमै पुग्छ । त्यस्तै मानवीय समाज कुनै न कुनै प्रथा, नियम, कानुनले चल्दै आएको हुन्छ । समाज र राज्यका काम कारबाही कुनै न कुनै कानुनअनुसार सञ्चालित हुन्छन् । प्रत्येक कानुन संविधानअनुसार बन्ने गर्छन् । संविधान विधायिका वा संसद्ले निर्माण गर्छ । विधायिका जनताद्वारा निर्वाचित भएर आउँछन् ।

निर्वाचनको व्यवस्था संविधान कानुनले गरेको हुन्छ । जनताले आफ्नो विवेकको प्रयोग गरी आफ्ना लागि प्रतिनिधिको चयन गर्ने गर्छन् र जनताका प्रतिनिधिमार्फत जनताको हितका लागि संविधान निर्माण गरिन्छ । त्यसैले संविधान, कानुन र जनताको चक्र पनि निरन्तर चलिरहन्छ, चलिरहेको छ । जनताले आफ्ना प्रतिनिधि चुन्ने भएकाले उनीहरूको बृहत् हित विपरीत संसद्ले पनि कानुन बनाउन सक्दैन र बनायो भने पनि त्यो कानुन अमान्य बन्न पुग्छ । नेपालमा पनि त्यस्ता धेरै उदाहरण पाइन्छ ।

फुटबलर रोनाल्डोले हानेका सबै बल गोलपोस्टमा छिर्न नसकेजस्तै संसद्ले बनाएका सबै विषयजस्ताको तस्तै कानुन बन्न सक्दैनन् । सांसदले आफ्ना लागि आजीवन पेन्सन पाउने गरी बनाएको कानुन सर्वोच्च अदालतले यसै मान्यतामा रहेर खारेज गरिदिएको थियो । दण्ड, जरिवाना र सजायको भय राखी निर्माण गरिने सबै कुरा संविधान, कानुन बन्न सक्दैनन् । तत्कालीन जर्मनमा हिटलरको नाजी शासनका समयमा 'गोप्य कानुन' भन्दै थुप्रै कानुन बनाइए तर ती सार्वजनिक गरिएनन् । ती कानुनमार्फत थुप्रैलाई मृत्युदण्डसमेत दिने काम गरियो तापनि ती कानुनको नजरबाट कानुन बन्न सकेनन् वा पछि त्यस्ता काम वैध वा कानुनसम्मत पनि भएनन् ।

संविधान, कानुनका पछाडि वैधता, स्वीकार्यता, न्याय र प्राकृतिक न्याय, आधार-प्रमाण, तर्कपूर्ण, विधिसम्मत आधारजस्ता कुराको अनिवार्यता हुन्छ । संविधान, कानुन कार्यान्वयन गर्ने अधिकारीहरू आफैँ कानुनका वास्तविक सर्जक होइनन्, उनीहरू बाह्य सर्जक मात्र हुन् । आधुनिक समाजमा संसद्कै विरूद्ध पनि जनताले क्षतिपूर्ति माग गर्न सक्छन् । संसद्ले बनाउने प्रत्येक कानुनसमेत संविधानबमोजिम मात्र हुन सक्छ । समाजलाई सु-संस्कृत र उन्नत बनाउन संविधान, कानुनले मात्र सक्दैन, समाजमा धेरै प्रकारका तत्व रहेका हुन्छन् । जसरी औषधिले मात्र मानिसको जीवन बचाउन सक्दैन त्यसरी नै कानुनको डर र डण्डाले मात्र समाज सभ्य बन्दैन । समाजमा मानवीय मूल्य, नैतिकता, प्रथा, धर्म-संस्कार, इज्जत-बेइज्जत, डर-त्रास, विधि-व्यवहारजस्ता थुप्रै विषयले संविधान, कानुनभन्दा अलग्गै तरिकाले कार्य गरिरहेका हुन्छन् ।

मानिसलाई उसको आचरण र व्यवहार नियन्त्रित गर्ने काम संविधान, कानुनले मात्र गर्न खोज्दा मेसिनको जस्तो व्यवहार हुनपुग्छ । समाजलाई मेसिनको तरिकाले नभई मानिसको जस्तो व्यवहार गरेर संविधान, कानुनको कार्यान्वयन गर्नुपर्ने हुन्छ । प्रत्येक समाज दायित्व पालना गर्नका लागि आधारभूत तत्व हो । सभ्यता निर्माणका लागि मानिसको निश्चित दायित्व रहेकै हुन्छ र दायित्वबाटै असल समाजको निर्माणमा सहयोग पुग्छ ।

प्रजातान्त्रिक व्यवस्थामा हामी यसकारण छौँ, किनभने त्यहाँ प्रत्यक्ष शासक र आदेशक कोही हुँदैन केवल प्रणाली, व्यवस्था, विधि, संविधान, कानुन, नियम, सामाजिक मूल्य र नैतिकताले कार्य गरिराखेको हुन्छ । त्यसैले प्रधानमन्त्री केपी शर्मा ओलीले स्विजरल्याण्डमा आफू जनताको सेवक हुँ भन्नुभएको थियो । प्रजातान्त्रिक व्यवस्थामा मात्र सबै नागरिक कानुनका विषय हुन्छन्, शासकका होइनन् । त्यसो भएर नै जनताले आफ्ना लागि प्रतिनिधिको चयन गरी तिनै प्रतिनिधिमार्फत संविधान, कानुनको निर्माण गरेका हुन्छन् । प्रतिनिधित्व विनाको कुनै पनि संविधान, कानुन पालना गर्न जनता बाध्य नहुने भएकाले नै अमेरिकीहरूले 'नो रिप्रिजेन्टेशन, नो टेक्सेसन' भनेका थिए । त्यसैले प्रजातान्त्रिक व्यवस्थामा सार्वभौम 'लिगल पर्सनालिटी' मात्र हो । जोन अस्टिनले भनेजस्तो गणतन्त्रमा शासक 'कमाण्ड अफ द सोभरेन' हुँदैन । विधायिका र सार्वभौमसत्ताको प्रयोग गर्ने शासकले आफूलाई लागेको कुरामा कानुन बनाउन नसक्ने भएकाले नै कानुनविद् हेन्स केल्सनले कानुन कानुनबाटै बन्न सक्छ भन्नुभएको थियो ।

संविधान, कानुनको चर्चा र पालनाको कुरा गर्दा प्रत्येक नागरिकको पनि उत्तिकै कर्तव्य र दायित्व हुन्छ भन्ने कुरालाई सबैले हेक्का राख्नुपर्छ । त्यसो भएर नै नेपालको संविधानको धारा ४८ ले नागरिक दायित्व र कर्तव्यलाई इतिहासमा पहिलोपटक उल्लेख गरेको छ ।

आधुनिक समाजमा संसद्कै विरूद्ध पनि जनताले क्षतिपूर्ति माग गर्न सक्छन् । संसद्ले बनाउने प्रत्येक कानुनसमेत संविधानबमोजिम मात्र हुन सक्छ । समाजलाई सु-संस्कृत र उन्नत बनाउन संविधान, कानुनले मात्र सक्दैन, समाजमा धेरै प्रकारका तत्व रहेका हुन्छन् । जसरी औषधिले मात्र मानिसको जीवन बचाउन सक्दैन त्यसरी नै कानुनको डर र डण्डाले मात्र समाज सभ्य बन्दैन । समाजमा मानवीय मूल्य, नैतिकता, प्रथा, धर्म-संस्कार, इज्जत-बेइज्जत, डर-त्रास, विधि-व्यवहारजस्ता थुप्रै विषयले संविधान, कानुनभन्दा अलग्गै तरिकाले कार्य गरिरहेका हुन्छन् ।

मानिसलाई उसको आचरण र व्यवहार नियन्त्रित गर्ने काम संविधान, कानुनले मात्र गर्न खोज्दा मेसिनको जस्तो व्यवहार हुनपुग्छ । समाजलाई मेसिनको तरिकाले नभई मानिसको जस्तो व्यवहार गरेर संविधान, कानुनको कार्यान्वयन गर्नुपर्ने हुन्छ । प्रत्येक समाज दायित्व पालना गर्नका लागि आधारभूत तत्व हो । सभ्यता निर्माणका लागि मानिसको निश्चित दायित्व रहेकै हुन्छ र दायित्वबाटै असल समाजको निर्माणमा सहयोग पुग्छ ।

प्रजातान्त्रिक व्यवस्थामा हामी यसकारण छौँ, किनभने त्यहाँ प्रत्यक्ष शासक र आदेशक कोही हुँदैन केवल प्रणाली, व्यवस्था, विधि, संविधान, कानुन, नियम, सामाजिक मूल्य र नैतिकताले कार्य गरिराखेको हुन्छ । त्यसैले प्रधानमन्त्री केपी शर्मा ओलीले स्विजरल्याण्डमा आफू जनताको सेवक हुँ भन्नुभएको थियो । प्रजातान्त्रिक व्यवस्थामा मात्र सबै नागरिक कानुनका विषय हुन्छन्, शासकका होइनन् । प्रजातान्त्रिक व्यवस्थामा मात्र सबै नागरिक कानुनका विषय हुन्छन्, शासकका होइनन् ।

गोरखापत्रअनलाइनबाट

# वेदमा निहित समाजवादी चिन्तन

- शिरीषवल्लभ प्रधान

कार्ल मार्क्सले समाजवादी दर्शन प्रतिपादन गर्नुभन्दा हजारौं वर्षअघि रचित पूर्वीय दर्शनमा सामाजिक न्याय, समानता र शोषणको अन्त्य हुनुपर्ने कुरा उल्लेख भएको पाइन्छ । वेदले हामीलाई अरूको दुःख र पीडाप्रति संवेदनशील हुन, गरिब तथा असहायहरूको सेवा गर्न र सबै प्राणीको कल्याण हुने कार्य गर्न सिकाउँछ ।

यस पृथ्वीका सम्पूर्ण प्राणीलाई आफूसरह ठान्न र सबैप्रति समान व्यवहार गर्न अभिप्रेरित गर्ने ती प्राचीन ग्रन्थले मानिस, मानिसबीच भेदभावको कुरा गरेको भन्ने गलत व्याख्या कसैले गर्छ भने त्यो उसको अल्पज्ञान मात्र ठहर्छ । यहाँनिर महोपनिषद्को निम्न श्लोक उल्लेख गर्नु सान्दर्भिक हुनेछ :

अयं बन्धुरयंनेति गणना लघुचेतसाम्
उदारचरितानां तु वसुधैव कुटुम्बकम् ।

अर्थात् जसको चित्त छुद्र हुन्छ, उसले यो मेरो र यो तेरो भनी भेदभाव गर्छ, तर जसको चित्त उदार छ, उसको निम्ति विश्वका सारा प्राणी एकै परिवारका सदस्यसरह हुन्छन् । यसरी पूर्वीय दर्शनले सबै प्रकारका भेदभाव तथा असमानताको अन्त्य हुनुपने आवश्यकता औंल्याइएको हामी पाउँछौं ।

अचेल मानिसहरू भौतिकवादी दुनियाँमा रमाइरहेका छन् । एकथरि मानिस पुजीँवादको धरातलमा आधारित भौतिकवादको दुनियाँमा चुर्लुम्म डुबेका छन् भने अर्कोथरि समाजवादमा आधारित भौतिकवादमा आफ्नो अस्तित्व र पहिचान खोज्दैछन् तर भौतिकवादले मात्र मानव जीवनका सम्पूर्ण समस्याको समाधान निकाल्न सक्दैन भन्ने कुरा स्पष्ट भएको छ । आधुनिक अर्थशास्त्रले मानिसका असीमित आवश्यकता कसरी पूर्ति गर्ने भन्ने कुराको ज्ञान दिन्छ भने वैदिक अर्थशास्त्रले आवश्यकताको सीमा, त्याग, निस्वार्थ सेवा, लोककल्याणजस्ता कुरामा जोड दिन्छ । हामीले जतिसुकै भौतिक र यान्त्रिक प्रगति हासिल गरेता पनि भोक, गरिबी, शोषण, उत्पीडन, असमानता, द्वन्द्व, आतङ्कवादको भुँवरीबाट मानिस उम्कन सकिरहेको छैन । इच्छा, आकाङ्क्षालाई बढाएर र भौतिक साधन, सुविधाले सम्पन्न हुन प्रतिस्पर्धा मात्र गरेर मानिस सुख र शान्तिसँग बाँच्न सक्दो रहेनछ भन्ने कुरा प्रमाणित भइसकेको छ । त्यसैले त महात्मा गान्धीले भन्नुभएको छ : दि वर्ल्ड ह्याज इनफ फर एभ्री वान्स निड, बट नट फर एभ्री वान्स ग्रीड अर्थात् विश्वमा हरेक मानिसको आवश्यकता पूर्ति गर्न पर्याप्त साधन छन् तर त्यसबाट हरेकको लोभलाई सन्तुष्ट गर्न सकिन्न । गान्धीको उक्त भनाइ वैदिक समाजवादी दर्शनमा आधारित छ । यहाँनिर ईशावास्यो पनिषद्को एक भनाइ उधृत गर्नु सान्दर्भिक हुनेछ :

ईशावास्यमिद् सर्वं यत्किं च जगत्यां जगत् ।
तेन त्यक्तेन भुन्जीथा मा गृधः कस्य स्विध्दनम् ।
(ईशा. १)

अर्थात्, यो सम्पूर्ण चराचर जगत ईश्वरले व्याप्त छ । ईश्वरलाई सम्झेर त्यागपूर्वक भोग्दै जाऊ, किनभने यो धन वा भोग्य पदार्थ कसको हो ? कसैको पनि हैन ।

यस श्लोकलाई वेदको सबैभन्दा महत्वपूर्ण सन्देश भनिएको छ । संसारमा सबै वस्तु ईश्वरले व्याप्त छ, त्यसैले हामीले जे जस्ता वस्तु उपभोग गर्छौं त्यसलाई ईश्वरको उपहार सम्झी त्यागको भावनाले मनमा लोभ नराखी चाहिने जत्ति मात्रै भोग गरौं किनभने ती वस्तुमा हाम्रो कुनै स्वामित्व छैन । खाली हात जन्मेका हामीले यस धर्तीमा जे जति पायौं त्यो सबै उनै ईश्वरकै देन हो । तसर्थ आफूले उपभोग गर्न नसक्ने कुरामा लोभ नगरौं, केही कुरा अरूका निम्ति वा समाजका निम्ति छोडिदेऔं भन्ने उपदेश यसले दिन्छ ।

वेदले हामीलाई निःस्वार्थ भई अरूको सेवा गर्न अभिप्रेरित गर्छ । कस्तो व्यक्तिले ईश्वरको कृपा प्राप्त गर्दछ भन्ने सम्बन्धमा ऋग्वेदको एक श्लोकमा भनिएको छः

त्वां हि ष्मा चर्षणयो यज्ञभिगीर्भिरीडते
त्वां वाजी यात्ववृको रजस्तविश्वचर्षणि:
।

अर्थात् वुद्धिमान् र निश्कलङ्क मानिस, जो निःस्वार्थ भावले मानिसको सेवामा समर्पित रहन्छ, उसले ईश्वरको कृपा प्राप्त गर्छ र ऊ ईश्वरसँग एकाकार हुन्छ । यसरी हिन्दू दर्शन सेवा नै धर्म हो भन्ने मान्यतामा आधारित भएको पाइन्छ । ऋग्वेदकै एक अर्को श्लोकमा सामाजिक न्यायबारे यस्तो भनिएको छ :

विसर्माणं कृणुहि विन्तमेषां येभुन्जते अपृणन्तोन उक्थै
(ऋग.५.४२.९)

अर्थात् हे ईश्वर त्यस्ता व्यक्तिको धन नष्ट गरिदेऊ, जो अरूलाई नबाँडेर आफूमात्र त्यसको उपभोग गर्छ । मानिसले आफ्नो स्वार्थमात्र नहेरी गरिब, असहाय र कमजोर वर्गको हितमा आफ्नो धनको उपयोग गर्नुपर्छ भन्ने शिक्षा यस श्लोकले दिन्छ ।

त्यसैगरी ऋग्वेदकै अर्को श्लोकमा भनिएको छ, जसले खाना र धन आफूले मात्र उपभोग नगरी गरिब, असहाय व्यक्तिहरूलाई बाँड्छ उसले सदा ईश्वरको आशिर्वाद प्राप्त गर्छ र त्यस व्यक्तिले शत्रुलाई पनि मित्र बनाउँछ । कमसे कम चार/पाँच हजार वर्षअघि रचिएका ती वैदिक ग्रन्थमा छुवाछूत वा जातीय विभेदजस्ता कुनै प्रकारको भेदभाव गरिएको छैन तर केही निहित स्वार्थ भएका व्यक्तिले ती ग्रन्थको आफूअनुकूल व्याख्या गरी वेदमाथि लान्छना लगाउने कार्य भने नगरेका हैनन् । सामाजिक न्याय र समानताको दृष्टिले वेदका विचार हिमालयजस्तै सर्वोच्च र अटल मानिन्छ । मार्क्सवादी दर्शनमा जस्तै वेदमा पनि तल्लो वर्ग, श्रमिक वर्ग, सर्वहारा वर्गको निम्ति कल्याणकारी कुराहरू नै उल्लिखित छन् । यस सम्बन्धमा वेदान्तका प्रखर विद्वान् स्वामी विवेकानन्दको निम्न भनाइको उल्लेख गर्नु सान्दर्भिक नै हुनेछ :

अब ब्राह्मण, क्षेत्री र वैष्यका दिन गए, शुद्रको उत्थानको निम्ति ढोका खुले को छ ।

भारतका प्रखर मार्क्सवादी चिन्तक तथा केरालाका पूर्व मुख्यमन्त्री ईएमएस नम्बोदरिपाद्ले विवेकानन्दको उक्त भनाइमाथि टिप्पणी गर्दै आफ्नो एक लेखमा लेख्नुभएको छ, शुद्रको दिन आए भनेर विवेकानन्दले सर्वहारा वर्गको सत्ता स्थापित हुने कुराको सङ्केत गर्नुभएको हो । विवेकानन्दको यस भनाइले के कुरा दर्शाउँछ भने हिन्दूहरूको पवित्र ग्रन्थ वेदमा शुद्र अथवा श्रमिक वर्गलाई कुनै किसिमले अपवित्र वा तल्लो जातको ठानिएको छैन । वेदले सबै वर्गलाई समान महत्व दिएको पाइन्छ, त्यसमा कुनै वर्ग ठूलो वा सानो भन्ने भेदभाव गरिएको छैन । आधुनिक समयमा अर्थशास्त्रले डिभिजन अफ लेबर अर्थात्, श्रम विभाजनको सिद्धान्त अङ्गीकार गरेजस्तै वेदमा पनि ज्ञान र कर्मका आधारमा मानिसको वर्ग विभाजन मात्र गरिएको बुझिन्छ । मनुस्मृतिले पनि वेदको ज्ञान भएको व्यक्ति मात्र ब्राह्मण हुनसक्ने निष्कर्ष निकालेको कुरा यहाँ स्मरणीय छ ।

वृहदारण्यको पनिषद्मा भनिएको छ : परमात्माले ब्राह्मण, क्षेत्रीय र वैष्य जातिको सिर्जना गरे तर त्यतिले मात्र सृष्टि चल्न सकेन किनभने सेवा गर्ने मानिसको अभाव हुनाले तिनीहरूबाट विभूतियुक्त कर्म सम्पन्न हुन सकेन । त्यसैले परमात्माले शुद्रजातिको सिर्जना गरेका हुन् । पूषा नै शुद्रवर्ण हो र सबैको पोषण गर्ने भएको हुँदा पृथ्वी नै पूषा हो

(वृहद्.१.४.१३) । यसरी पृथ्वीजस्तो पवित्र वस्तुलाई शुद्र भन्ने संज्ञा वेदले दिन्छ भने त्यसलाई तुच्छ मान्न र अनादर गर्न सकिने कुरै भएन ।

त्यसैगरी ऋग्वेदको पुरुष सूक्तमा सम्पूर्ण ब्रह्माण्डलाई विराट पुरुषको संज्ञा दिँदै भनिएको छ, मानव समाजरूपी विशाल पुरुषको मुख ब्राह्मण हो, पाखुरा क्षत्रीय हो भने पेट वैष्य हो र खुट्टा शुद्र हुन् । कसै, कसैले यसलाई बङ्ग्याएर ब्रह्माको मुखबाट ब्राह्मण जन्मेको हुनाले उनीहरू उच्च वर्गको कहलिएको र शुद्र खुट्टाबाट जन्मेकाले तल्लो वर्गको भन्ने गलत तर्क दिने गरेका छन् । सम्पूर्ण ब्रह्माण्डलाई नै विराट पुरुषको परिकल्पना गर्दै सो सूक्तमा अगाडि भनिएको छ, सूर्य त्यसको आँखा हो भने चन्द्रमा मन, हावा श्वास हो र अग्नि मुख हो । त्यस्तै माथिल्लो आकाश त्यस विराट पुरुषको टाउको हो, अन्तरिक्ष वा मध्य आकाश पेट हो भने भूमि

(पृथ्वी) खुट्टा हो ।

यसरी हामी सारा प्राणी तथा वनस्पतिको बासस्थान रहेको पृथ्वीलाई शुद्रको संज्ञा दिइनुले शुद्रलाई कुनै पनि किसिमले अपवित्र वा तुच्छ मान्न सकिँदैन ।

समाजमा कोही पनि भोका वा प्यासा नरहुन् र कोही पनि शोषित वा पीडित नरहुन् भन्ने उच्च मानवीय भावनामा आधारित वेदलाई सामाजिक न्यायको दिशामा एक उत्कृष्ट दर्शन मान्न सकिन्छ । यस सम्बन्धमा बृहदारण्यको पनिषद्को निम्नलिखित श्लोक उल्लेख गर्न योग्य छ,

स य एतदुपास्ते न स पाप्पनो व्यावर्तते मिश्र्ँ ह्येतत् ।

अर्थात् जसले अन्नको उपासना (उपभोग) गर्छ, त्यो पापबाट टाढा हुँदैन किनभने अन्न (समस्त प्राणीको) मिश्रित धन हो । यस श्लोकको व्याख्या गर्दै आदि शङ्कराचार्य बृहदारण्यकसम्बन्धी आफ्नो भाष्यमा लेख्नुहुन्छ, जो आफ्नो निम्ति मात्र अन्न पकाउँछ र अरूलाई नबाँडिकन उपभोग गर्छ त्यसले पाप नै खाएसरह हो ।

यहाँ गीतामा उल्लिखित एक श्लोकको उल्लेख गर्नु पनि सान्दर्भिक नै होला । जसमा भनिएको छ, जो व्यक्ति देवताद्वारा प्राप्त अन्न तिनलाई नचढाइ भोग गर्छ, त्यो चोर नै हो । यहाँ देवतालाई चढाउनुको अर्थ अन्य मानिस वा प्राणीलाई बाँड्नु भन्ने अर्थमा लिन सकिन्छ ।

# न्यायपालिका शुद्धीकरणका ५ उपाय

- टीकाराम भट्टराई

काठमाडौं – करिब चार वर्षे कार्यकालको अवसरसहित प्रधानन्यायाधीशमा नियुक्त चोलेन्द्रशमशेर जबराले सुरु गरेको न्यायपालिका शुद्धीकरण अभियानलाई लिएर राजनीतिक, व्यावसायिक र बौद्धिक जगतका प्रबुद्ध व्यक्तिहरूसँगको यो समयका विभिन्न भेटघाट र सभा-समारोहमा कानुन क्षेत्रका व्यक्तिहरूले अक्सर दुइटा प्रश्नको सामना गरिरहनुपरेको छ ।

यो साँच्चै हो कि नाटक मात्र हो ? अनि दोस्रो प्रश्न हुन्छ, के उहाँबाट यो काम सम्भव होला र ? यी जिज्ञासामा हामीले दिने जवाफ जेजस्तो भए पनि यिनमा अन्तर्निहित उद्देश्य न्यायपालिकामा विकृति-विसंगति छ र यसको अन्त्य आवश्यक छ भन्ने नै हो । हालैका केही कदमले न्यायपालिकाप्रति मानिसहरूमा केही आशा अवश्य पलाएको छ । न्यायिक जगतमा केही भय, त्रास र उत्तर दायित्व पन्छाउने गलत प्रवृत्तिको सुरुवात पनि भएको छ । यहाँ यही अभियानको प्रभाव र जोखिमबारे चर्चा गर्न खोजिएको छ ।

### शुद्धीकरण आवश्यक

न्यायपालिकाको शुद्धीकरण दुई दशकदेखिकै जबर्जस्त मुद्दा हो । योसँगै परिवर्तन पनि आवश्यक छ भन्ने आवाजहरू त्योभन्दा अघिदेखि नै विशेषतः न्यायिक क्षेत्रमा व्यापक रूपमा उठ्दै आएका थिए । खास गरी २०४७ सालपछि मुलुकले अवलम्बन गरेको लोकतान्त्रिक शासन व्यवस्थामा समेत न्यायपालिकाप्रति आशानुरूप जनआस्था अभिवृद्धि हुन सकेको थिएन । यसबीच शासन व्यवस्थामा ठूलठूला परिवर्तन र क्रान्ति भए । तर न्यायपालिका राज्यको अलग्गै टापुजस्तो देखियो, मानौं क्रान्ति र परिवर्तनले यसलाई छुनै हुँदैन । नेपाल अधिराज्यको संविधान, २०४७ पछि हालसम्म २२ जना प्रधानन्यायाधीशले न्यायपालिकाको नेतृत्व गर्ने अवसर प्राप्त गरिसकेका छन् ।

तर यीमध्ये एक हातका औंला बराबरका प्रधानन्यायाधीशको पनि नाम लिन सकिन्न, जसलाई देश, जनता र न्यायिक जगतले श्रद्धापूर्वक स्मरण गर्न सकोस् र विकृत अभ्यासमा तिनको नाम नजोडिएको होओस् । न्यायपालिकाको शुद्धताका विषयमा लेखे वा बोलेबापत नेपाल बारका पदाधिकारीहरू विश्वकान्त मैनाली, रमणकुमार श्रेष्ठ लगायतमाथि न्यायिक नेतृत्वले कारबाहीको प्रक्रिया नै अघि बढाएको । कृष्णप्रसाद भण्डारी र शम्भु थापालाई अदालतको अपहेलना मुद्दा लागेको थियो । तर कानुन व्यवसायी र प्रेस जगतको अभूतपूर्व सहयोग र दबाबका कारण त्यस्ता कारबाही निष्क्रिय भए ।

एक दशकयता अपवादबाहेक ठूलठूलो बिगो भएका, अर्बौं राजस्व अपचलन गरिएका, राजनीतिक पहुँच भएका, सरकारी सार्वजनिक जमिन दर्ता गरिएका विवादमा परेका वा अकुत सम्पत्ति कमाएका व्यक्तिहरूले मुद्दा हार्दै नहार्ने अवस्था उत्पन्न भयो । तिनका मुद्दाहरूमा न्यायिक मनको प्रयोग भएन । जिल्लादेखि पुनरावेदन तहसम्म आफूनिकटका न्यायाधीश मात्र नभई कर्मचारीको पनि सेटिङ गरियो, आफूनिकटका वकिल राख्न च्याम्बरबाटै पक्षलाई भनियो वा कतिपय सार्वजनिक चासोका विषयमा फोन गरेरै 'आज यो मुद्दा पेसीमा चढ्दै छ, बहस गर्न आउनुपर्‍यो' भनियो । यी सबै हर्कतबाट उठेको पैसाको लेनदेन स्वदेशमा मात्र होइन, विदेशी भूमिमा पनि गरियो । न्यायाधीश, कर्मचारी, आफूनिकटका वकिल र कथित पत्रकारसमेतलाई प्रभाव र दबाबमा राखेर दैनिक पेसी सूची बनाउने र अर्थोपार्जन गर्ने काम हाकाहाकी गरियो ।

यस्तो जर्जर अवस्थामा पनि भ्रष्टाचार विरुद्धको आवाज भने मरिसकेको थिएन । कृष्णप्रसाद भण्डारी, विश्वकान्त मैनाली, शम्भु थापा, हरिहर दाहाल, राधेश्याम अधिकारी, प्रकाश वस्ती, श्रीहरि अर्यालजस्ता मूर्धन्य व्यक्तित्वहरूले न्यायपालिकाभित्रको विकृतिको पर्दाफास गर्न छाडेनन् । भ्रष्टाचार र अनियमितताविरुद्ध लेखे वा बोलेबापत निकट विगतका एक पूर्व प्रधानन्यायाधीशले सरकारी निवास बालुवाटारमा विभिन्न क्षेत्रका आफूनिकटका व्यक्तिहरू सम्मिलित गोप्य बैठक गर्दै केही कानुन व्यवसायीका नामका पछाडि एकलखे लगाई 'यिनलाई ठीक गर्न के-के गर्न सकिन्छ र कति पैसा लाग्छ, म सबै बेहोर्न तयार छु' भन्ने उद्घोष नै गरे । तर तिनले गोप्य सम्झिएको त्यो बैठकका कुराहरू २४ घण्टाभित्रै सार्वजनिक भए । त्यति मात्र नभएर ती व्यक्तिले प्रधानन्यायाधीश नहुँदै लोकमानसिंह कार्कीलाई 'यिनलाई ठीक गर्नुपर्‍यो, म तपाईंको मुद्दा जिताइदिन्छु' भनेर हारगुहारसमेत गरे ।

अवस्था यस्तोसम्म आयो, बहालवाला असल र इमानदार न्यायाधीशलाई जबर्जस्ती बिदा गरेर दशकौंसम्म न्यायपालिकामा भ्रष्टहरूको पकड कायम गर्ने गेम प्लान बनाइयो र तदनुकूलको नियुक्ति गराइयो । यस प्रकरणमा विभिन्न कित्ताका वकिलका नेताहरू पनि सामेल भए, तर कल्याण श्रेष्ठ र त्यसपछिका प्रधानन्यायाधीश सुशीला कार्कीका पालामा त्यो गेम प्लान क्रमशः शिथिल हुँदै गएको थियो ।

त्यसपछि त्यो प्रवृत्तिले पुनः टाउको उठाउने भरमग्दुर प्रयत्न नगरेको होइन, तर असल कित्ताका कानुन व्यवसायीको दृढ अडान, केही राष्ट्रसेवक कर्मचारीको जोखिमपूर्ण निर्णय, संसदीय सुनुवाइ समितिको सक्रियता अनि प्रेस जगतको खोजमूलक समाचारको दबाबका कारण त्यसमा पूर्णविराम लागेरै छाड्यो । यी सबै आरोह र अवरोहपछि हाल नियुक्त प्रधानन्यायाधीशलाई न्यायपालिकाको शुद्धीकरणको लागि एक अभूतपूर्व अवसर प्राप्त भएको छ । प्रधानन्यायाधीशले सुरु गरेको न्यायपालिकाको शुद्धीकरण अभियानको हालसम्मको प्रवृत्तिलाई जनस्तरबाटै स्वागत र समर्थन प्राप्त भएको छ । तर, जनस्तरले यसमा अझै पूर्ण रूपमा विश्वास गर्नसकेको छैन । अर्कातर्फ यसलाई असफल बनाउन अनेक कोणबाट प्रयत्न सुरु भइसकेको छ ।

### शुद्धीकरणका पाँच विषय

न्यायपालिकालाई साँच्चै आस्थाको केन्द्र बनाउन र यसप्रतिको जनआस्था अभिवृद्धि गर्न प्रधानन्यायाधीशको तहबाटै गर्न सकिने पाँच वटा विषय र क्षेत्र छन् । एक, प्रधानन्यायाधीश वा मुख्य न्यायाधीशले मुद्दालाई कुनै आग्रह, पूर्वाग्रह वा भनसुनका आधारमा आफूनिकट ठानिएका व्यक्तिको इजलासमा पार्नु हुँदैन । शंकास्पद छवि भएका न्यायाधीश मात्र सम्मिलित इजलास भने तोक्नु हुँदैन । दुई, न्यायाधीशको कार्यसम्पादनको परीक्षण गर्दा मुद्दा छिनेको संख्यालाई मात्र आधार बनाइनु हुँदैन । त्यसो भयो भने न्याय लगतमुखी हुन्छ, न्यायमुखी हुँदैन । कार्य सम्पादनको परीक्षणमा उसले गरेको फैसलामा अभिव्यक्त न्यायिक मन, अध्ययनशीलता, इमानदारी र उसले लगाएको समयको अध्ययन गरिनुपर्छ । तीन, न्यायाधीशको सरुवा र माथिल्लो तहमा नियुक्ति गर्दा मापदण्ड र वस्तुनिष्ठ आधारहरू अवलम्बन गरिनुपर्छ । चार, तल्लो तहमा कार्यरत न्यायाधीशलाई माथिल्लो तहमा नियुक्ति गर्नुपर्दा वा कानुन व्यवसायी, प्राज्ञिक क्षेत्र वा कर्मचारीबाट सीधै न्यायाधीशमा नियुक्ति गर्दा प्रधानन्यायाधीश, न्यायपरिषद वा दलका नेताका भनसुन र दबाब सुन्ने होइन, सम्बन्धित व्यक्तिको क्षमता, इमानदारी, योग्यता र विषयविज्ञता हेरिनुपर्छ । त्यसपछि मात्र न्यायपालिकाले क्रान्तिकारी छलाङ माने छ । र पाँचौं, शंकास्पद कार्यमा संलग्न न्यायाधीशलाई अविलम्ब कारबाही गर्न र निरन्तर निगरानी गर्न न्यायपरिषदमा स्थायी प्रकृतिको एउटा अलग्गै संयन्त्रको स्थापना गरिनुपर्छ ।

न्यायिक कार्यलाई विकृत बनाउन कानुन व्यवसायी र कर्मचारीको पनि उत्तिकै हात हुने भएकाले त्यस्तो कार्यमा संलग्न कानुन व्यवसायी र कर्मचारीलाई पनि अनुसन्धानको दायरामा ल्याउने र कारबाही गर्न सम्बन्धित निकायमा लेखिपठाउने कार्यको थालनी गरिनुपर्छ । यी सबै कार्य गर्न प्रधानन्यायाधीश स्वयम् इमानदार र निष्ठावान रही निरन्तर क्रियाशील हुनुपर्छ । प्रधानन्यायाधीशले यी काम इमानदारी र निष्ठाका साथ गरेको छ भन्ने अनुभूति गर्न सकिने वातावरणको सिर्जना नै यी सबै कार्यको पूर्वसर्त हो ।

### प्रभाव र जोखिम

न्यायपालिका शुद्धीकरण अभियानको प्रभावले सबभन्दा पीडित स्वयम् निर्दोष जनता हुने जोखिम अत्यधिक रहन्छ । यो अभियानलाई निहुँ बनाएर कतिपय न्यायाधीशले थुन्नै नपर्ने निर्दोष व्यक्तिहरूलाई थुनामा राखेको, सामान्य तारिख वा धरौटीमा छाड्ने आधार कारण हुँदाहुँदै तिर्नै नसक्ने धरौटी माग गरिएको वा कानुनले नै तारिखमा राख्न सकिने मुद्दामा पनि थुनामा राख्ने गरेको अनुभव हामीले गर्न थालिसकेका छौं । हरेक फौजदारी मुद्दामा थुनामै राखेर कारबाही गरिने हो भने संविधानले परिकल्पना गरेको फौजदारी न्याय र स्वच्छ सुनुवाइको हक समाप्त हुन्छ । कार्यकारिणीको नियन्त्रणमा रहेको प्रहरीले गर्ने अनुसन्धान र सरकारी वकिलले गर्ने अभियोजन त्रुटिपूर्ण वा आग्रह वा पूर्वाग्रहपूर्ण हुनसक्छ भनेरै स्वतन्त्र न्यायपालिकाको अवधारणाको विकास भएर तहगत अदालतहरूको व्यवस्था गरिएको हो । प्रहरीले जसलाई मुद्दा चलाउँछ, ऊ दोषी नै हुन्छ, यसर्थ थुन्नै पर्छ भन्ने मान्यता राख्ने हो भने अदालत किन चाहियो ? प्रहरी र सरकारी वकिल नै थुन्न र थुनाउन काफी छन् ।

हामीले अवलम्बन गरेको लोकतान्त्रिक पद्धति, स्वतन्त्र र सक्षम न्यायपालिका अनि फौजदारी न्यायको सिद्धान्तले नौ जना अपराधी छुटून्, तर एक जना निर्दोष व्यक्ति थुनामा नपरोस् भन्छ । स्वतन्त्र न्यायपालिकाको यो अवधारणालाई कुनै हालतमा मर्न दिनु हुँदैन । न्यायपालिकामा थालिएको शुद्धीकरण अभियानलाई आफ्नो अक्षमता ढाक्ने अस्त्रका रूपमा कुनै पनि न्यायमूर्तिले प्रयोग गर्नु हुँदैन । घूस खाएर वा भनसुनका भरमा न्यायसम्पादन गर्नु हुँदैन भन्ने मात्र यो अभियानको निष्कर्ष हो । तर प्रहरीले मुद्दा लगाएर ल्याएका सबै नागरिक दोषी छन् वा दोषी नभए पनि मैले थुनामा राखिनँ भने म कारबाहीमा पर्छु भन्ने हीन भावना र निकृष्ट कार्यसम्पादन यदि कुनै न्यायमूर्तिबाट हुन्छ भने, त्यस्तो अक्षमता र कायरता पनि उसलाई कारबाही गर्ने आधार बन्नुपर्छ । संविधानले परिकल्पना गरेको स्वतन्त्र न्यायपालिकाको अवधारणा, मौलिक हकका रूपमा रहेको स्वच्छ सुनुवाइको हक र संवैधानिक उपचारको हकलाई जीवितै राख्नुपर्छ । यसर्थ शुद्धीकरण अभियानको मारमा सर्वसाधारण र निर्दोष नागरिक पर्नु हुँदैन भन्ने विषयमा न्यायमूर्तिहरू हरबखत सजग र सचेत हुनुपर्छ । प्रहरीले गरेको जथाभावी गिरफ्तारी र मुद्दा दर्तालाई न्यायाधीशले आँखा चिम्लेर ठप्पा लगाइदिने परिपाटी बस्यो भने लोकतन्त्र र स्वतन्त्र न्यायपालिकाको एकसाथ हत्या हुन पुग्छ । यो जोखिमतर्फ प्रधानन्यायाधीश हरहमेसा सजग र हनुपर्छ । यसर्थ शुद्धीकरण अभियानको मारमा सर्वसाधारण र निर्दोष नागरिक पर्नु हुँदैन भन्ने विषयमा न्यायमूर्तिहरू हरबखत सजग र सचेत हुनुपर्छ । प्रहरीले गरेको जथाभावी गिरफ्तारी र मुद्दा दर्तालाई न्यायाधीशले आँखा चिम्लेर ठप्पा लगाइदिने परिपाटी बस्यो भने लोकतन्त्र र स्वतन्त्र न्यायपालिकाको एकसाथ हत्या हुन पुग्छ । यो जोखिमतर्फ प्रधानन्यायाधीश हरहमेसा सजग र हनुपर्छ ।